# <u>मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका</u>

*म.प.बाट स्वीकृत मितिः २०७६।०७।१९ गते*

*प्रथम संशोधन मितिः २०७७।०१।२६*

**प्रस्तावनाः** कर्णाली प्रदेशभित्र कामको सजृना, रोजगारीको अवसर र ज्यालामा सुधार गरी श्रमप्रति सम्मान गर्दै समृद्ध प्रदेश निर्माणमा युवाको ज्ञान, सीप र क्षमताको उपयोग र विकास गरी सार्वजनिक विकास निर्माण, जीवन्त आयोजना तथा मानवीय कार्यमा संलग्न गराई जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटले गरेको व्यवस्थाबमोजिम मुख्यमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कर्णाली प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद – १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**(१) यो निर्देशिकाको नाम "मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७६" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>**विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "ऐन" भन्नाले संघीय रोजगारीको हक सम्बन्धी ऐन, २०७५सम्झनुपर्छ।

(ख) "कार्यक्रम" भन्नाले यसै निर्देशिका बमोजिम सञ्चालन हुने मुख्यमन्त्री रोजगार कार्यक्रमलाई सम्झनुपर्छ।

(ग) "इकाई" भन्नाले दफा १७ बमोजिमिको कार्यक्रम कार्यान्वयन इकाईलाई सम्झनु पर्दछ।

(घ) "निर्देशक समिति" भन्नाले यो निर्देशिकाको दफा १६ बमोजिमको समिति सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्झनु पर्दछ।

(च) "बेरोजगार व्यक्ति" भन्नाले ऐनले तोकेबमोजिमको बेरोजगार व्यक्तिलाई सम्झनुपर्छ।

(छ) "रोजगार आयोजना" भन्नाले संघ तथा प्रदेशका विषयगत मन्त्रालय वा निकाय वा स्थानीय तह अन्तरगत सञ्चालित सार्वजनिक निर्माण वा अन्य सार्वजनिक क्षेत्रका आयोजना वा संघ, प्रदेश र स्थानीय तीनै तहले रोजगारी सिर्जनाका लागि सञ्चालन गर्ने "कामका लागि पारिश्रमिक" वा "श्रमिकको ज्यालाको रकममा भूक्तानीमा साझेदारी" मा आधारित आयोजना वा तीनै तहका सरकारले निजी, सहकारी वा गैरसरकारी क्षेत्रसँगको सहकार्य र साझेदारीमा सञ्चालित रोजगारी सिर्जनाका आयोजना तथा कार्यक्रमहरुलाई सम्झनुपर्छ।

(ज) “रोजगार सेवा केन्द्र” भन्नाले ऐनको दफा १० अनुसार वा स्थानीय तहमा स्थापना भएका केन्द्र वा यस कार्यक्रम अन्तर्गत स्थापित एवम् रोजगारीका विषयमा स्थानीय तहमा काम गर्ने ईकाईलाई सम्झनुपर्छ।

(झ) “कार्यक्रम संयोजक” भन्नाले प्रदेश सरकारको रोजगार आयोजना सञ्चालन हुने स्थानीय क्षेत्रमा कार्यक्रम सञ्चालन तथा संयोजन गर्न यस निर्देशिकाबमोजिम तोकीएको कर्मचारी सम्झनुपर्छ।

(ञ) “लाभग्राही परिचयपत्र” भन्नाले स्थानीय तहले पहिचान गरी सूचीकृत गरेका बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउनु पूर्व प्रदान गर्ने परिचयपत्रलाई सम्झनुपर्छ।

(ट) “श्रमिक” भन्नाले रोजगार आयोजनामा कामका लागि खटिएका कामदारलाई सम्झनुपर्छ।

(ठ) "समिति"भन्नाले दफा १६ बमोजिमको प्रदेश रोजगार निर्देशक समिति लाई सम्झनु पर्दछ।

३. **<u>कार्यक्रमको लक्ष्यः</u>** गरिब एवम् बेरोजगार व्यक्तिहरुको जीवनस्तरमा सुधार गरी गरिबी न्यूनिकरणमा सहयोग पुऱ्याउनुयो कार्यक्रमको लक्ष्य हुनेछ।

४. **<u>कार्यक्रमको उद्देश्यः</u>** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन्ः

(क) श्रमयोग्य र श्रम गर्न इच्छुक बेरोजगारलाई रोजगारी तथा आयआर्जनका अवसरहरुमा सहभागी गराई सामान्य श्रम र रोजगारीका लागि आफ्नो गाउँ ठाउँबाट जनशक्ति पलायनलाई रोक्ने,

(ख) स्थानीय स्तरमा उत्पादनशील जनशक्तिको विकास गरी श्रम बजारमा पहुँच बृद्धि गर्ने, र

(ग) प्रदेशको आर्थिक र सामाजिक उन्नतिमा सघाउ पुऱ्याउने गरी स्थानीय स्तरमा सामाजिक तथा भौतिक पूर्वाधारहरुको निर्माण तथा विस्तार गर्ने।

५. **<u>कार्यक्रमको रणनीति तथा कार्यनीतिः</u>** (१) यस कार्यक्रमले देहायका रणनीतिहरु अवलम्बन गर्नेछः

(क) गरिबी तथा जोखिममा रहेको जनसंख्या, विकासका आधारभूत सेवा सुविधाको अभाव, आय आर्जन र रोजगारीका अवसरबाट बञ्चित परिबारको संख्या, पहुँचको कठीनाई भएका स्थान र विकास निर्माणको उच्च लागतका कारण स्थानीय विकासको आवश्यकता पूरा गर्न नसकिएको अवस्था र क्षेत्रमा विशेष बजेट व्यवस्था तथा क्रियाकलापहरु निर्धारण गर्ने।

(ख) आय आर्जन र रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्य रहेका कार्यक्रम तथा क्रियाकलापहरुमा दोहोरो नपर्ने गरी सरकारी, गैरसरकारी र विकास साझेदारका कार्यक्रम तथा क्रियाकलापहरुमा संयोजन र साझेदारी गर्ने।

(ग) आयोजनाको कार्यान्वयन एक भन्दा बढी स्थानीय तहमा समेत हुने गरि आयोजना कार्यान्वयन गर्न सकिने र यस्ता आयोजना कार्यान्वयनमा स्थानीय जनताको सहभागिता अनिवार्य हुनेगरी व्यवस्थापन गरिनु पर्ने।

(घ) स्थानीय माग र आवश्यकताको विश्लेषण गरि प्राथमिकतामा परेका आयोजनाको लागि आवश्यक पर्ने सीप तथा क्षमता विकासको क्रियाकलापहरु समेत सञ्चालन गरी तत्काल स्वरोजगार वा रोजगारीमा संलग्न हुन सक्ने कार्यक्रम तथा क्रियाकलाप समावेश गर्ने।

(ङ) स्थानीय आवश्यकता र माग गरिएको आयोजना वहुवर्षीय हुन सक्ने।

(च) पूर्वाधार निर्माण गर्दा श्रम र श्रममूलक प्रविधिको अधिकतम प्रयोग तथा वातावरण मैत्री हुनुपर्ने।

(छ)प्रारम्भिक चरणमा मानव विकास सूचकाङ्क तथा अन्य सामाजिक सूचकाङ्कमा पछाडि परी गरिबी तथा जोखिममा रहेको अवस्थालाई ध्यानमा राख्दै निश्चित क्षेत्रमा मात्रै सञ्चालन गरिने।

(ज) स्थानीय तहबाट श्रोतमा लागत साझेदारी हुने गरी आयोजना सञ्चालनका लागि माग भएमा त्यस्ता कार्यक्रमलाई प्रोत्साहित गर्दै स्रोत उपलब्ध भएसम्म क्रमशः विस्तार गर्दै लगिने।

(२) यस कार्यक्रम सञ्चालन गर्दा देहायका कार्यनीतिहरु अपनाइनेछः

(क) स्थानीय तहमा उपलब्ध प्राविधिक र व्यवस्थापकीय क्षमता अभिवृद्धि र उपयोग गरिने,

(ख) ज्यालाको अधिक हिस्सा नियमित, समयोचित र निश्चित समयमा बैङ्किंग प्रणाली मार्फत भुक्तानीगर्ने र श्रमीकलाई बचत गर्न उत्प्रेरित गर्दै वचत परिचालनमा संलग्न गराउने,

(ग) सम्पादित कार्यको परिमाण र परिणामको मुल्याङ्कन पश्चात मात्रै अन्तिम भुक्तानीको व्यवस्था गरिने,

(घ) श्रमप्रधान काम र श्रममूलक प्रविधिको प्रयोग र प्रवर्द्धन गरिने,

(ङ) स्थानीय समुदायको आवश्यकता र प्रदेशको प्राथमिकताका क्षेत्रहरुमा कार्यक्रमको श्रोत र साधनहरुको परिचालन गरिने।

६. **कार्यक्रमको क्षेत्रः** (१) यस कार्यक्रमले देहायका क्षेत्र तथा विषयमा रोजगारमूलक र स्वरोजगारमूलक आयोजना सञ्चालन गर्नेछः

(क) सामूहिक तथा व्यक्तिगत फलफूल तथा तरकारी खेती, जडिबुटी खेती तथा प्रशोधन, नगदेबाली लगाई स्वरोजगार हुने क्रियाकलाप,

(ख) सिँचाई, लघु तथा साना जलविद्युत, कुलो निर्माण एवं मर्मत सम्भार, गह्रा सुधार लगायतका उत्पादन तथा उत्पादनशीलता अभिबृद्धि गर्ने क्रियाकलापहरु,

(ग) गरिब तथा विपन्न बस्तीहरुमा सडक, खानेपानी, सामुदायिक भवन लगायतका भौतिक पूर्वाधारहरुको नयाँ निर्माण तथा मर्मत सम्भार,

(घ) युवा तथा शैक्षिक बेरोजगारलाई तुरुन्तै रोजगारमूलक तथा स्वरोजगारमूलक क्रियाकलापहरुमा संलग्न हुनेसीप तथा क्षमता विकासका क्रियाकलापहरु ।

(ङ) जोखिममा रहेका बस्तीहरुको स्थानान्तरण तथा निर्माणमा निर्माण सामाग्री सहित श्रम साझेदारीका कार्यक्रम।

(च) मानव सिर्जित तथा प्राकृतिक विपद् आदिबाट सुरक्षाका लागि आवश्यक पर्ने नदी तथा पहिरो नियन्त्रण तथा त्यस्ता क्षेत्रमा गरिने विशेष प्रकारको बृक्षारोपणका कार्यहरु,

(छ) खानेपानीको मुहान तथा जलाधार संरक्षणका क्रियाकलापहरु,

(ज) जनता सडक तथा पूर्वाधार विशेष कार्यक्रम कार्यक्रम मार्फत निर्माण गरिने बजार तथा बस्ती जोड्ने कृषि सडक तथा पर्यटकीय पदमार्ग,

(झ) प्रदेश सरकार तथा स्थानीय सरकारले प्राथमिकतामा राखेका अन्य कार्यक्रम तथा क्रियाकलापमा लागत साझेदारी ।

(२) यस कार्यक्रमका लागि आयोजना छनौट गर्दा देहायका विषयहरुलाई प्राथमिकता दिनु पर्नेछः

(क) गरिब तथा जोखिममा रहेका घरपरिवारलाई प्रत्यक्ष लाभ दिने,

(ख) स्थानीय स्तरमा दीगो र दीर्घकालिन प्रयोगमा आउने र प्रत्यक्ष उपयोग हुने सामुदायिक पूर्वाधार,

(ग) स्थानीय स्तरको सामाजिक र आर्थिक उन्नतिसँग प्रत्यक्ष सम्बन्ध राख्ने पूर्वाधार,

(घ) प्राकृतिक स्रोतसाधनहरुको संरक्षण र उपयोग, प्रकोप नियन्त्रण तथा जलाधार संरक्षण हुने आयोजना,

(ङ) प्रदेश सरकारले प्राथमिकतामा राखेका अन्य आयोजना।

## परिच्छेद -२

## लक्षित वर्ग छनौट तथा योजना तर्जुमा सम्बन्धी व्यवस्था

७. **कार्यक्रमको लक्षित समूहः** (१) यस कार्यक्रमका लक्षित समूह १८ वर्ष देखि ५९ वर्ष समूहको बेरोजगार व्यक्ति तथा निजको परिवार हुनेछ।

(२)राज्यको कुनै पनि प्रणालीमा सूचिकृत भएका वा हुने योग्यताका तर सूचिकृत नभएका बेरोजगारहरुमध्ये समेतबाट यस कार्यक्रममा सहभागि हुन छनौट गरिनेछ। छनौट गर्दा देहाय बमोजिमको प्राथमिकता अनुसारको हुनु पर्नेछः

(क) आफ्नो उत्पादन तथा आयबाट एक वर्षमा तीन महिना भन्दा कम समयसम्म मात्र खान पुग्ने परिवार,

(ख) परिवारका सदस्यहरुमध्ये पूर्ण तथा आँसिक अपाङ्गता परिचय पत्र पाएको परिवार,

(ग) आश्रित परिवार संख्या धेरै भएको परिवार,

(घ) द्वन्द्व पिडित परिवार,

(ङ) दलित अल्पसंख्यक, लोपोन्मुख जाति जनजाति, आदिबासी जनजाती तथा भूमिहीन गरिब परिवार,

(३)रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम १५ को प्रावधान अनुसार स्थानीय निर्देशक समितिले लक्षित वर्गको छनौट गर्नुपर्नेछ। तर दफा ११ अनुसारको क्षमता विकास र शैक्षिक बेरोजगारहरुको परिचालन सम्बन्धी व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

८. **<u>योजना तर्जुमाः</u>** (१)कार्यक्रम सञ्चालन गर्दा तत्काल परिणाम प्राप्त हुने र दीर्घकालिन परिणाम प्राप्त हुने दुबै प्रकारका आयोजना सञ्चालन गर्न सकिनेछ।

(२)कार्यक्रमको लागि आयोजना तर्जुमा गर्दा देहाय अनुसारको हुनु पर्नेछः

(क) समुदाय, गाउँ तथा वस्तीको माग तथा आवश्यकता अनुसार,

(ख) समुदायको दिगो सामाजिक र आर्थिक उन्नतिमा सहायक हुने,

(ग) गरिब तथा विपन्नहरुको माग, आवश्यकता र जिवन निर्वाह सहज गर्ने, र

(घ) परिणाम तथा नतिजामूखी ।

(३) कार्यक्रमले उत्पादनशील तथा जीवनयापनमा सहजता ल्याउने प्रकारका पूर्वाधार बिकास गरी रोजगारी सिर्जना हुनु पर्नेछ ।

(४)सीप तथा क्षमता विकास सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्दा स्थानीयस्तरमा रोजगारी प्राप्त हुने तथा स्वरोजगारमूलक हुनु पर्नेछ ।

(५)योजनाहरुछनौट गर्दा सम्भव भएसम्म नियमित योजना छनौट प्रकृया अनुसार नै गरेको हुनु पर्नेछ

(६)पूर्वाधारका आयोजना छनौट गर्दा निर्माण हुने पूर्वाधारको दिगोपना, जलवायु अनुकुलन, वातावरण संरक्षण र सो पूर्वाधारका कारण विपन्न वर्गको जीवनयापनमा सकारात्मक प्रभावको विश्लेषण गर्नु पर्नेछ।

(७) योजनाको छनौट गर्दा प्राप्त हुने रोजगारी दिन, ज्याला दर र यसले पार्ने समग्र प्रभावको लेखाजोखाको यकिन गर्नु पर्नेछ ।

९.**<u>आयोजनाको छनौट प्रकृयाः</u>**(१)स्थानीय तहले आयोजना छनौट गर्दा प्रदेश सरकारले सञ्चालन गर्ने गरी निर्णय भएका श्रम प्रधान योजनाहरु मध्येबाट उपयुक्त देखिएको आयोजना वास्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रममा उल्लेख भएकासूचीबाट छनौट गर्नु पर्नेछ।

(२)उपदफा (१) अनुसार आयोजना उपलब्ध नभएको अवस्थामा रोजगारमूलक आयोजनाहरुका लागि प्रदेश सरकारले आह्वान गर्ने र सम्बन्धित वडा तहबाट निर्णय गरी दफा ६ को उपदफा (२) मा उल्लेखित प्राथमिकता अनुसारका आयोजनाहरु गाउँ वा नगरकार्यपालिकाले उपयुक्त रहेको मूल्याङ्कन गरी निर्णय गर्नु पर्नेछ ।

(३)उपदफा (२)अनुसार निर्णय गर्दा स्थानीय तहले देहायको क्षेत्रलाई प्राथमिकता दिनु पर्नेछ :-

(क) गरिबीको स्तर र अती गरिबको बसोबास भएको क्षेत्र

(ख) भौगोलिक रुपमा पहुँचको कमजोर अवस्था

(ग) आधारभूत सुविधाहरुको अभावका कारण जनजीवनमा परेको कठीनाई

(घ) विकास निर्माणका अन्य क्रियाकलापहरु सञ्चालन र तयारीको अवस्था, र

(ङ) भौगोलिक रूपमा जोखिमयुक्त क्षेत्र तथा प्राकृतिक प्रकोपबाट प्रभावित क्षेत्र।

## परिच्छेद -३

## आयोजना सञ्चालन सम्बन्धी व्यवस्था

१०. **आयोजना सञ्चालन तथा बजेटको व्यवस्था :** (१) प्रदेश सरकारले मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गर्नेछ।यस्तो बजेटबाट प्रदेश तथा स्थानीय तहले छनौट गरेका रोजगारमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(२)प्रदेश सरकारका विभिन्न मन्त्रालयहरुले सञ्चालन गर्ने बजेट तथा कार्यक्रममा समावेश भएका यस्तै र फरक नामका रोजगारी सिर्जनासँग सम्बद्ध सबै कार्यक्रमहरु मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत समन्वय र संयोजन गरी एकिकृत रुपमा सञ्चालन गरिनेछ।

(३)अधिकतम रोजगारी सिर्जना गर्न गाउँपालिका वा नगरपालिकाले स्थानीय तहबाट कार्यान्वयन भएका सीपमूलक, रोजगारमूलक तथा सीप विकाससंग सम्बन्धित अन्य कार्यक्रमसँग साझेदारी र समन्वय गर्न सकिनेछ।

(४)स्थानीय तहले वार्षिक योजना तथा बजेटको निर्माण गर्दा मुख्यमन्त्री रोजगार कार्यक्रमको लागि रोजगारमूलक आयोजना, सो को लागत अनुमान तथा उक्त आयोजनामा स्थानीय तहबाट हुने साझेदारी रकम समेत उल्लेख गरीयोजना प्रस्ताव माग गर्न सक्नेछन्।

(५)संघीय तथा स्थानीय सरकार र विकास साझेदारहरुबाट स्थानीय तहमा सञ्चालन गर्ने रोजगारी सिर्जनाका कार्यक्रमसँग समन्वय र एकीकरण गरी दोहोरोपना नहुनेगरी कार्यक्रम सञ्चालन गरिनेछ।

११.**सीप विकास तथा प्रशिक्षण:**(१)सीप तथा क्षमता विकास लगायत शैक्षिक बेरोजगार परिचालनका आयोजना सञ्चालन गर्न योजना तर्जुमा भएमा यसकार्यक्रमले आवश्यकता अनुसार अन्य स्थानीय तहका मागलाई समेत ध्यानमा राखेर उक्त क्रियाकलापमा थप व्यक्तिलाई सहभागी गराइ स्थानीय तहवा निजी क्षेत्र वा जिल्ला कार्यालय मार्फत कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२)सीप विकासका तालिम सञ्चालन गर्दा सैद्धान्तिक र व्यवहारिक दुबै ज्ञानलाई समेटिएको पाठ्यक्रम निर्माण गरी सञ्चालन गर्नु पर्नेछ।पाठ्यक्रममा श्रमको सम्मानको संस्कृति, सरकारी बजेटको मितब्ययिता र जनताको अधिकतम हितमा प्रयोग तथा समुदाय प्रति नागरिकको जिम्मेवारीको विषय समेत समावेश भएको हुनुपर्नेछ।

(३)कार्यक्रमले निजी क्षेत्रलाई संलग्न गराई आवश्यकता अनुसार सम्बन्धित निर्माण स्थल, उद्योग एवं कलकारखानामै काममा प्रत्यक्ष संलग्न गराएर सिकाउने व्यवस्था गर्न सक्नेछ।

(४)तालिम प्रदायक संस्थाले स्थानीय तथा प्रदेशको आवश्यकता पहिचान भएका विषय तथा क्षेत्रमा तालिम सञ्चालन गर्नु पर्नेछ ।

१२.**पूर्वाधारका आयोजना सञ्चालन:**(१) पूर्वाधार निर्माणका आयोजना सञ्चालन गर्नु पर्दा दफा (६) अनुसारकै आयोजना सञ्चालन गर्नु पर्नेछ।

(२) आयोजनाको विस्तृत प्राविधिक अध्ययन तथा डिजाइन लागत अनुमान स्वीकृति भएपछि मात्र आयोजना कार्यान्वयन गर्नु पर्नेछ।

(३) आयोजनाको तर्जुमा गर्दा कूल लागतको न्यूनतम ७० प्रतिशत श्रमिकको ज्यालामा भुक्तानी हुने आयोजनालाई मात्रै छनौट गर्नु पर्नेछ।

तर आयोजनामा स्थानीय तहले बजेट थप गरी यस कार्यक्रमको बजेटबाट ७० प्रतिशत ज्यालामा रकम खर्च हुने गरी आयोजनाको तर्जुमा गर्न सक्नेछ।

(४) आयोजनाको लागत अनुमानको तयारी स्थानीय दररेट अनुसार गर्नु पर्नेछ।

(५)आयोजना सञ्चालनका लागि आवश्यक पर्ने वाह्य सामाग्री जस्तै सिमेन्ट, जस्ता, छड, तारजाली आदि सामाग्रीहरुको लागत आयोजना स्थलमा ढुवानी सहित कूल लागतको २५ प्रतिशत भन्दा अधिक नहुने गरी स्थानीय तहले खरिद गरी आयोजनालाई उपलव्ध गराउन सक्नेछ।

(६)आयोजना सञ्चालन गर्ने स्थानीय तहले कूल आयोजना मूल्यको अधिकतम ३ प्रतिशतसम्म हाते औजारहरु खरिद गरी उपलव्ध गराउन सक्नेछ।

(७)स्थानीय तहले आयोजनाको तर्जुमा, सञ्चालन, अनुगमन तथा पारदर्शिता कायम गर्न आयोजनाको कूल लागतको २ प्रतिशत कन्टिन्जेन्सी रकम कट्टा गर्न सक्नेछ। यस प्रकारको रकम यस कार्यक्रम कार्यान्वयन वाहेकको क्षेत्रमा परिचालन गर्न पाईनेछैन।

(८)स्थानीय सामाग्रीहरु जस्तै ढुङ्गा, बालुवा, माटो आदीको व्यवस्था गर्दा परिणामको आधारमा श्रमिकलाई नै परिचालन गरी भुक्तानी दिने व्यवस्था गर्नु पर्नेछ।

(९)आयोजनाको प्राविधिक अनुगमन र मूल्याङ्कन न्यूनतम १५ दिनमा गर्नु पर्नेछ। यस कार्यका लागि स्थानीय तहले कन्टिन्जेन्सी रकम प्रयोग गरी प्राविधिक सुपरिवेक्षक नियूक्त गर्न सक्नेछ।

(१०)यस कार्यक्रममा सहभागी हुने श्रमिकको हक हित, सामाजिक सुरक्षा तथा बीमाको व्यवस्था मिलाईनेछ।

(११)पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने सुरक्षा उपकरण तथा प्राथमिक उपचार बाकस प्रदेश सरकारले उपलब्ध गराउन सक्नेछ ।

(१२)आयोजना समाप्त भए पश्चात उपदफा (६) अन्तरगत खरीद भएको हाते औजार तथा उपदफा (११) अन्तरगत मूल्यका दृष्टिले लामो अवधिसम्म टिकाउ हुने खालको सुरक्षा उपकरणहरु जस्तै हेल्मेट, बडि हार्नेस आदीको भण्डारण कार्यक्रमको कार्यालय, कार्यालय इकाइ वा स्थानीय तहले गर्नु पर्नेछ।

१३. <u>रोजगार आयोजना कार्यान्वयन समितिः</u> (१) यस निर्देशिका अन्तरगत रोजगार आयोजना सञ्चालन गर्दा प्रत्येक आयोजनामा कार्य गर्ने श्रमिकहरु मध्येबाट अध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्य समेत गरी ५ देखि ७ जनाको एक रोजगार आयोजना कार्यान्वयन समिति गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) अनुसारको समितिको गठन गर्दा समानुपातिक र समावेशी हुने गरी गठन गर्नु पर्नेछ।

(३) समितिको काम कर्तव्य र जिम्मेवारी देहाय अनुसार हुनेछः

(क) श्रमिकको दैनिक हाजिरी गराई अभिलेख अनुसूची - १ बमोजिमको ढाँचामा राख्ने,

(ख) बुँदा (क) बमोजिमको हाजिरी अभिलेख सम्बन्धित वडाको वडा कार्यालयबाट प्रमाणित गराउने,

(ग) आयोजना कार्यान्वयनमा आवश्यक सहजीकरण र समन्वय गर्ने,

(घ) आयोजनाको प्राविधिक प्रतिवेदन तर्जुमा गर्न आवश्यक सूचना दिने तथा सहजीकरण गर्ने,

(ङ) समुहका सदस्यको रोजगारी वापतको पारिश्रमिक रकम स्थानीय तह वा सामाजिक बिकास कार्यालयबाट बैंक खातामा सिधै भुक्तानी दिन सहजीकरण गर्ने,

(च) आयोजना सञ्चालनका लागि आवश्यक पर्ने वाह्य सामाग्रीको खरिदका लागि बजार मूल्य भन्दा अधिक नहुने गरी दरभाउ लिने र स्थानीय तह वा जिल्लास्थित प्रदेश सामाजिक बिकास कार्यालयको सिफारिसमा खरिद गरी सो को भुक्तानीका लागि प्राविधिक प्रतिवेदन सहित सम्बन्धित कार्यालयलाई अनुरोध गर्ने।

(छ) श्रमप्रधान काममा शारीरिक असक्षमताका कारण सक्रिय सहभागी हुन नसक्ने फरक क्षमताका श्रमशक्तिलाई श्रमिकको हाजिरी, मालसामानको भण्डार कक्षको हेरचाह, खाजा खाना वितरण जस्ता कम श्रमप्रधान सेवामा परिचालन गरी समान स्तरको ज्यालामा रोजगारी उपलब्ध गराउनु पर्नेछ। यस्ता श्रमशक्तिलाई सहज पहुँच हुने पायक पर्ने स्थानमा परिचालन गर्नुपर्नेछ।

(४) समितिले रोजगार आयोजना संचालन गर्न अनुसूची -२ बमोजिमको फाराम भरी स्थानीय तह वा जिल्ला कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) स्थानीय तह वा जिल्लास्थित प्रदेश सामाजिक विकास कार्यालयले रोजगार आयोजना संचालन गर्न अनुसूची -३ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(६) एक भन्दा बढि वडालाई समेटेर आयोजना सञ्चालन गर्नु परेमा गाउँपालिका वा नगरपालिकाले सबैको प्रतिनिधित्व हुनेगरी समिति गठन गर्नु पर्नेछ।

(७) एक भन्दा बढी स्थानीय तहहरु समेटिने आयोजना कार्यान्वयन गर्नु पर्ने अवस्थामा यस कार्यक्रमले थप समन्वय गरी समितिको गठन गर्नेछ।

१४.**परियोजना बैंकः** (१) प्रदेश सरकारले अघि सारेको अवधारणा अनुसार स्थानीय तहले मुख्यमन्त्री रोजगार कार्यक्रमको लागि परियोजना बैंकको स्थापना गर्न सक्नेछ। स्थानीय तह र प्रदेश सरकारले यस बैङ्कमा योजनाहरु राख्न सक्नेछन्।

(२)यस कार्यक्रमले उपदफा (१) अनुसारको बैङ्क स्थापना गर्न प्राविधिक कर्मचारी नियूक्ती गरी वा आवश्यकता अनुसार निजी क्षेत्र मार्फत कार्य गर्न गराउन सक्नेछ।

(३)आयोजनाको लागत अनुमानका आधारमा स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई समेत योजना सञ्चालनमा परिचालन गर्न सकिनेछ।

## परिच्छेद – ४

## संस्थागत व्यवस्था र सरोकारवाला पक्षको भूमिका

**१५.मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** (१) यो कार्यक्रम सञ्चालन, व्यवस्थापन, निर्देशन र नियन्त्रण गर्ने मुख्य जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हुनेछ।

(२) कार्यालयले प्रदेशभर वितरणात्मक न्याय स्थापित गर्न सामाजिक सुरक्षा तथा सामाजिक संरक्षणका कार्यक्रम तथा क्रियाकलापहरुको एकिकरण, संयोजन, समन्वय र समायोजन गर्न मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सामाजिक संरक्षण परिषद् गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको परिषद्ले प्रदेशस्तरमा सञ्चालन गरिएका सामाजिक संरक्षणका क्रियाकलापहरुको अध्ययन, अनुसन्धान, अनुगमन, समन्वय र सहजीकरण गर्न विभिन्न समिति गठन गर्न सक्नेछ।

**१६.प्रदेश रोजगार निर्देशक समितिः**(१) मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनको लागि मन्त्रालयको शासकीय सुधार हेर्ने सचिव संयोजक र आर्थिक तथा पूर्वाधार शाखाको प्रमुख सदस्य सचिव रहने गरी पाँच सदस्यीय निर्देशक समिति गठन गरिनेछ। समितिका अन्य सदस्यहरु मन्त्रालयले तोके बमोजिम हुनेछन्।

(२) समितिको कार्यहरू देहाय बमोजिम हुनेछन्-

(क) कार्यक्रमको समग्र संयोजन गर्ने,

(ख) इकाईबाट पेस भएको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने,

(घ) इकाईलाई आवश्यक अन्य निर्देशन तथा निकासा दिने,

(ङ) कार्यक्रमको वार्षिक प्रतिवेदन मन्त्रालयमा समक्ष पेश गर्ने।

**१७.कार्यक्रम कार्यान्वयन इकाईः**(१) यस निर्देशिका बमोजिम रोजगार कार्यक्रम कार्यान्वयनको लागि एक कार्यक्रम कार्यान्वय इकाई रहनेछ।

(२)इकाईको संयोजक दफा १६ बमोजिमको निर्देशक समितिको सदस्य सचिव हुनेछ र इकाईलाई आवश्यक पर्ने अन्य कर्मचारीको व्यवस्था मन्त्रालयले गर्नेछ।

(३)इकाईका कार्यहरु देहाय बमोजिम हुनेछन्:-

(क)वार्षिक योजना तर्जुमा गरी स्वीकृतिका लागि समितिमा पेस गर्ने।

(ख)कार्यक्रमसँग सम्बन्धित विषयमा संघीय सरकार र प्रदेश सरकारका निकाय तथा स्थानीय सरकारहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(ग) कार्यक्रमको नियमित अनुगमन गर्ने एवम् निर्देशन दिने,

(घ) कार्यक्रम सञ्चालनको लागि वजेट बाँडफाँड तथा निकाशा गर्ने,

(ङ) कार्यक्रमको भौतिक तथा वित्तीय प्रशासनसम्बन्धी विवरण तथा अभिलेख राख्ने,

(च) कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक अध्ययन, अनुसन्धान तथा छलफल गर्ने गराउने,

(छ) आयोजना सञ्चालनका लागि सहजिकरण गर्ने,

(ज) सीप विकास तथा शैक्षिक बेरोजगारहरुलाई रोजगारी तथा स्वरोजगारीमा संलग्न गराउन आवश्यक कार्यक्रमको तर्जुमा र सञ्चालन गर्ने।

**१८. <u>विषयगत मन्त्रालयहरुः</u>** (१) यो कार्यक्रमको कार्यान्वयनमा प्रदेशका विषयगत मन्त्रालयहरुको भूमिका देहाय अनुसार हुनेछः

(क) आफ्नो मन्त्रालय र अन्तर्गतको बजेट तर्जुमा गर्दा रोजगारी सिर्जनालाई प्राथमिकता दिई गर्ने गराउने,

(ख) आफ्नो मन्त्रालय अन्तर्गत आयोजनाहरुमा खर्च गर्न विनियोजन भएको बजेटबाट सिर्जना हुने रोजगारको पूर्वानुमान गरी सोको जानकारी यस कार्यक्रमलाई गराउने,

(ग) आफ्नो मन्त्रालय र अन्तर्गतका नीति, योजना, कार्यक्रम तथा आयोजनाहरुको तर्जुमा र कार्यान्वयन गर्ने क्रममा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग र नयाँ रोजगारी सिर्जना हुने गरी गर्ने गराउने,

(घ) कार्यक्रमले मागेको सूचना तथा तथ्याङ्क, जानकारी, सहयोग र परामर्श प्राथमिकताका साथ समयमै उपलब्ध गराउने,

(ङ) आफू मातहतका निकायहरुलाई कार्यक्रमको कार्यान्वयन गर्न गराउन आवश्यक निर्देशन दिने,

(च) रोजगारी सिर्जना सम्बन्धी सम्बद्ध क्षेत्रगत मन्त्रालयका कार्यक्रमहरु समेत यसै कार्यक्रममा समावेश गरी एकिकृत रुपमा सञ्चालन गर्ने।

(छ) कार्यक्रमलाई आवश्यक पर्ने समन्वय र सहयोग उपलब्ध गराउने।

(२) यो कार्यक्रममा उपदफा (१) बमोजिमको विषयगत मन्त्रालयहरुको भूमिका कार्यान्वयन गर्न र अन्तरमन्त्रालय समन्वय र सहयोग सुनिश्चित गर्न हरेक विषयगत मन्त्रालयले सो मन्त्रालयको नीति तथा योजना हेर्ने महाशाखा प्रमुखलाई अन्तरमन्त्रालय समन्वय समितिको सम्पर्क अधिकृत तोक्नु पर्नेछ।

**१९. <u>सामाजिक विकास कार्यालय :</u>** (१) प्रदेश सरकारको सामाजिक विकास कार्यालयले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतसँग प्रत्यक्ष सहकार्य गरी यो कार्यक्रम र प्रदेशको सामाजिक संरक्षणका अन्य कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

(२)सामाजिक विकास कार्यालयले मुख्यमन्त्री रोजगार कार्यक्रम र प्रदेशको सामाजिक संरक्षणका कार्यक्रमका सम्बन्धमा प्रदेश सरकारसँग, कार्यक्रम कार्यान्वयनका लागि सम्बद्ध स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतसँग र क्रियाकलाप सञ्चालनमा रोजगार आयोजना कार्यान्वयन समितिसँग समन्वय गर्नु पर्नेछ।

(३) कार्यालयले कार्यक्रम तथा बजेट प्रस्ताव र कार्यान्वयन गर्दा रोजगारी सिर्जना हुने कार्यक्रमलाई प्राथमिकता दिनु पर्नेछ।

(४) कार्यालयले स्थानीय तहबाट सञ्चालन गर्नु पर्ने देखिएका रोजगारी सिर्जना सम्वन्धी कार्यक्रमहरु सञ्चालनको सिफारिस गर्नेछ।

२०. **स्थानीय तहः** (१) यस कार्यक्रमको कार्यान्वयनमा स्थानीय तहको क्षेत्रभित्र रहेका बेरोजगार व्यक्ति र रोजगारदाताको तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने, स्थानीय तहको बजेट तथा कार्यक्रमबाट स्थानीय रोजगारी सिर्जना गर्ने र तथ्याङ्कको साझेदारी, कार्यक्रमको अनुगमन र प्रतिवेदन गर्ने कार्यमा प्रदेश सरकार र अन्तरगतका कार्यालयलाई आवश्यक सहयोग गर्ने जिम्मेवारी प्रत्येक स्थानीय तहको हुनेछ।

(२) यस्तो जिम्मेवारी निर्वाह गर्न स्थानीय तहले देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछः

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान बमोजिम आफ्नो क्षेत्रभित्रका बेरोजगार व्यक्तिहरुको तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने गराउने,

(ख) वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहभित्र रोजगारी सिर्जनालाई प्राथमिकता दिने,

(ग) प्राविधिक रुपले मेशिनको प्रयोग नगरी नहुने काम बाहेकका स्थानीय आयोजनाहरुको निर्माण श्रममूलक प्रविधिको प्रयोगबाट गर्ने नीति स्वीकृत गरी कार्यान्वयन गर्ने,

(घ) कार्यक्रमको लागि आवश्यक पर्ने आयोजनाहरु मापदण्डको आधारमा स्वीकृत गर्ने,

(ङ) यस कार्यक्रम अन्तर्गत काममा लगाइएका बेरोजगार व्यक्तिहरुको काम गरेको दिनको पारिश्रमिक बैङ्क मार्फत समयमै भुक्तानी दिने व्यवस्था मिलाउने,

(च) यस कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक समन्वय, सहयोग र सहकार्य गर्ने,

(छ) रोजगारी सिर्जनाका लागि स्थानीयस्तरका निजी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय, साझेदारी र सहकार्य गर्ने,

(ज) यस कार्यक्रमको स्थानीय तहभित्र भएको कार्यान्वयनको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन उपलव्ध व्यवस्थापन सूचना प्रणालीमार्फत वा लिखित प्रतिवेदन नियमित रुपमा पठाउने,

(झ) यस कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाको आयोजना स्तरमा सिर्जना हुने विवादहरुको समाधान गर्ने।

२१.**रोजगार सेवा केन्द्रः** संघीय रोजगारीको हक सम्वन्धी ऐन, २०७५ को दफा १० बमोजिम स्थापना भएको रोजगार सेवा केन्द्रले देहायका कार्यहरू गर्नेछ :

(क) बेरोजगार व्यक्तिको सूचीमा रहेका व्यक्तिहरुलाई यस निर्देशिकाको दफा ७ अनुसारका व्यक्ति छनौट गरी कार्यक्रममा समाहित गर्ने,

(ख) छनौट भएका व्यक्तिहरुलाई लाभग्राही परिचय पत्र उपलव्ध गराउने र कार्यस्थलमा खटिनुपूर्व आवश्यक पर्ने तालिमको व्यवस्था गर्ने।

(ग) गाउँपालिका वा नगरपालिका क्षेत्रभित्रको यस निर्देशिकाको दफा ६ अनुसारको आयोजना छनौट गरी कार्यपालिकामा प्रमुख प्रशासकिय अधिकृत मार्फत निर्णयार्थ पेश गर्ने।

(घ) रोजगारीको अवसरहरुको समन्यायिक वितरणका लागि यस कार्यक्रमलाई श्रमिकको सामाजिक र आर्थिक विवरण, रोजगारीमा संलग्न भएको दिन लगायतका विवरणहरु उपलव्ध गराउने।

(ङ) बेरोजगार व्यक्तिहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी यस कार्यक्रमलाई जानकारी उपलव्ध गराउने।

(च)रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरु मध्ये न्यूनतम रोजगारी प्राप्त गर्ने, रोजगारमूलक तथा सीपमूलक तालीम प्राप्त गर्ने, निजी क्षेत्रको रोजगारीमा सहभागि हुने तथा स्वरोजगार हुने व्यक्तिहरुको विवरण अद्यावधिक गर्ने,

(छ) आफ्नो काम कारबाहीको बारेमा नियमित रुपमा सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा प्रतिवेदन गर्ने,

(ज) यस कार्यक्रम र रोजगारी सम्बद्ध विवरणहरु उपलव्ध सूचना प्रणाली मार्फत नियमित प्रतिवेदन गर्ने,

२२.**<u>रोजगार संयोजकः</u>** (१)दफा २१ बमोजिमको रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजकले कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्नु पर्नेछ।

(२) कार्यक्रमका सम्बन्धमा इकाईले समय समयमा दिएका निर्देशनको पालना गर्नु पर्नेछ।

२३.**<u>वडा कार्यालयहरुः</u>** यो कार्यक्रमका सम्बन्धमा वडा कार्यालयले देहायका कार्यहरु गर्नेछन्ः

(क) वडास्तरका आयोजनाहरुको तर्जुमा, कार्यान्वयन र अनुगमनमा गाउँ कार्यपालिका वा नगर कार्यपालिका मार्फत सामाजिक विकास कार्यालय र रोजगार संयोजकलाई आवश्यक सहयोग गर्ने,

(ख) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले यस कार्यक्रमका सम्बन्धमा आवश्यक अन्य कार्यहरु गर्ने।

(ग) रोजगार आयोजना कार्यान्वयन समिति गठनका लागि सिफारिस गर्ने,

(घ) श्रमिकको दैनिक हाजिरी प्रमाणित गर्ने, र

(ङ) तोकिएका अन्य कार्यहरु गर्ने ।

२४.**<u>शैक्षिक प्रतिष्ठान तथा निजी क्षेत्रः</u>** यो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने अनुसार सीप विकास तालिम, अध्ययन अनुसन्धानका क्रियाकलापहरु सञ्चालनमा आवश्यक सहयोग तथा परामर्श गर्न कार्य क्षेत्रका निजी तथा सार्वजनिक शिक्षण सँस्था तथा शैक्षिक प्रतिष्ठानहरुलाई अनुरोध गरिनेछ।

## परिच्छेद –५

## <u>बजेट, भुक्तानी व्यवस्थापन र पारदर्शिता</u>

२५.**<u>बजेट विनियोजनः</u>** (१) ईकाई मार्फत सञ्चालन हुने कार्यक्रमका लागि सोझै सामाजिक विकास कार्यालयलाई र स्थानीय तह मार्फत सञ्चालन गरिने कार्यक्रमका लागि स्थानीय तहलाई सशर्त अनुदान मार्फत मन्त्रालयले बजेट उपलब्ध गराउनेछ।

(२)कार्यक्रमका लागि प्रदेश सरकारबाट विनियोजित बजेटमा आधारित भई स्थानीय तहहरूबाट माग भई आएका आयोजना छनौट गर्न आयोजना छनौटका लागी अनुसूची -४ बमोजिमका आधारहरु प्रयोग गर्न सक्ने छ।उपदफा (१) बमोजिमको बजेट प्रकृतिको आधारमा २ किस्तामा उपलब्ध गराईनेछ।

(३)पूर्व अध्ययन नभएका नयाँ र अत्यावश्यक आयोजनाको लागि बजेट माग भइ आएकाको हकमा देहायको अंकभारका आधारमा र पूर्व अध्ययन भएका योजनाहरुको हकमा आयोजना सञ्चालन गर्न तय भएको विधि र आवश्यकताका आधारमा बजेट विनियोजन र निकासा गरिनेछः

(क)गरिब घरधूरीको संख्याको आधारमा – ६० प्रतिशत

(ख)कठीन पहुँच र दुर्गमताको आधारमा – २० प्रतिशत

(ग)खाद्यान्न वा अन्य मानवीय संकटका आधारमा – २० प्रतिशत

(४)उपरोक्त बर्गिकरणमा देहायको शुत्र प्रयोग गरी स्थानीय तहको कुल रकम हिसाब गरिनेछ-

(क) गरिब घरधूरीको संख्याको आधारमा

$$= \frac{\text{कार्यक्रमको लागि छुट्याइएको कुल बजेटको ६० प्रतिशत}}{\text{प्रदेशको जम्मा गरिव घरधुरी संख्या}} x \text{पालिकाको जम्मा गरिव घरधुरी संख्या}$$

(ख)कठीन पहुँच र दुर्गमताको आधारमा

कार्यक्रमको लागि छुट्याइएको बजेटको २० प्रतिशत लाई १०० प्रतिशत मानी –

"क" बर्गको पालिकामा ४५ %

"ख" बर्गको पालिकामा ३० %

"ग" बर्गको पालिकामा २० %

"घ" बर्गको पालिकामा ५ %

(ग)खाद्यान्न वा अन्य मानवीय संकटका आधारमा

कार्यक्रमको लागि छुट्याइएको बजेटको २० प्रतिशत लाई १०० प्रतिशत मानी –

"क" बर्गको पालिकामा ४५ %

"ख" बर्गको पालिकामा ३० %

"ग" बर्गको पालिकामा २० %

"घ" बर्गको पालिकामा ५ %

२६.**<u>खर्च व्यवस्थापनः</u>** (१) स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रममाः

(क) स्थानीय तहलेतयार गरेको योजनाहरूमा कार्यक्रम सञ्चालन गर्न न्यूनतम १० प्रतिशत बजेट सम्बन्धित स्थानीय तहबाटव्यवस्था गर्नु पर्नेछ।

(ख) स्थानीय तहले यस कार्यक्रमबाट प्राप्त भएको सशर्त अनुदानको रकमको छुट्टै हिसाबदेखिनेगरी अभिलेख राख्नु पर्नेछ।

(ग) यस कार्यक्रम अन्तरगत श्रमिकको ज्याला र सामाग्री खरिद वापतको रकम बैङ्क खाता मार्फत मात्रै भुक्तानी दिनु पर्नेछ।

(घ) श्रमिकको ज्याला भुक्तानी मासिकरुपमा गर्नु पर्नेछ।स्थानीय तहले यस्तो भुक्तानी कार्यप्रगतीको आधारमा आंशिक रूपमा पनि गर्न सक्नेछ।

(ङ) पूर्वाधार आयोजनाको अन्तिम भुक्तानी अनुगमन प्रतिवेदन र प्राविधिकको सिफारीसको आधारमामात्र गर्नु पर्नेछ।

(च) यस कार्यक्रमको खर्च व्यवस्थापन तथा सञ्चालन स्थानीय आर्थिक प्रशासन नियमावलीको परिधिभित्र रहेर गर्नु पर्नेछ।

(छ) यस कार्यक्रम अन्तरगत संचालन हुने रोजगार आयोजनाको आयोजना स्थलमा अनुसूची- ५ अनुसारको सूचना पाटी राख्नु पर्नेछ ।

(ज) यस कार्यक्रमबाट स्थानीय तहमा जाने सशर्त अनुदानको रकमको पारदर्शिता कायम गर्ने, लेखाङ्कन गर्ने, स्रेस्ता व्यवस्थापन गर्ने र प्रतिवेदन गर्ने सम्पुर्ण जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुनेछ।

(झ) स्थानीय तहले आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराई सो को प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) सामाजिक विकास कार्यालयले सञ्चालन गर्ने कार्यक्रमको हकमाः

(क) खाता सञ्चालन कार्यालय प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट गर्नु पर्नेछ।

(ख) यस कार्यक्रम अन्तरगतको श्रमिकको ज्याला र सामाग्री खरिद वापतको रकम बैङ्क खाता मार्फत मात्रै भुक्तानी दिनु पर्नेछ।

(ग) श्रमिकको ज्याला भुक्तानी मासिकरुपमा गर्नु पर्नेछ।

(घ) पूर्वाधार आयोजनाको अन्तिम भुक्तानी अनुगमन प्रतिवेदन र प्राविधिकको सिफारीस पश्चात मात्र गर्नु पर्नेछ।

(ङ) यस कार्यक्रमको खर्च व्यवस्थापन तथा सञ्चालन प्रदेश आर्थिक प्रशासन नियमावलीको परिधिभित्र रहेर गर्नु पर्नेछ।

(च) यस कार्यक्रममा बजेट रकमको पारदर्शिता कायम गर्ने, लेखाङ्कन गर्ने, स्रेस्ता व्यवस्थापन गर्ने र प्रतिवेदन गर्ने सम्पुर्ण जिम्मेवारी सम्बन्धीत कार्यालय प्रमुखको हुनेछ।

(छ) आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराई सो को प्रतिवेदन मुख्यमन्त्री रोजगार कार्यक्रम सहित सामाजिक विकास मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(ज) कार्यक्रमको मासिक/चौमासिक/वार्षिक प्रतिवेदन मन्त्रालय र सामाजिक विकास मन्त्रालयमा पेश गर्नु पर्नेछ।

२७.**खर्चमा बन्देजः** कार्यक्रम सञ्चालन गर्ने कार्यालय, संस्था समूह वा स्थानीय तहले कार्यक्रमको रकमबाटदेहायका खर्च गर्न पाउने छैनः-

(क) यस कार्यक्रम बाहेकको अन्य कुनै क्रियाकलापमा खर्च गर्न,

(ख) कुनै पनि प्रयोजनको आर्थिक सहायता तथा चन्दा प्रदान गर्न, र

(ग) तोकिएको सिमा भन्दा बढि कन्टिन्जेन्सी खर्च गर्न ।

२८.**तेश्रो पक्षको संलग्नताः** पूर्वाधार निर्माणका कार्य सञ्चालन गर्दा कुनै पनि कार्यहरु ठेक्कापट्टा या तेश्रो पक्ष नियुक्त गरी काममा लगाउन पाईनेछैन।

२९.**जनलेखा परीक्षणः** रोजगार आयोजना कार्यान्वयन समिति तथा स्थानीय तहका प्रतिनिधि समेतको सहभागितामा जनलेखा परीक्षण गराउनु पर्नेछ र यसको नतिजा सार्वजनिक गर्नु पर्नेछ।

## परिच्छेद – ६

## अनुगमन, मुल्याङ्कन तथा सञ्चार

३०.**अनुगमन तथा मूल्याङ्कनः** (१)यस कार्यक्रमको अनुगमन र मूल्याङ्कन योजनाको खाका तयार गर्ने जिम्मेवारी इकाईको हुनेछ।

(२)उपदफा (१) अनुसारको अनुगमन र मूल्याङ्कन योजनाको खाकालाई समितिले अनुमोदन गर्नेछ।

(३)स्थानीय तहले सञ्चालन गरेका आयोजनाको गतिविधिहरुको कम्तिमा २ पटक सुपरिवेक्षण अनुगमन गरी सो को उपदफा (२) अनुसारको प्रतिवेदन प्रत्येक महिना इकाईमा पेश गर्नु पर्नेछ।

(४)प्रदेश सरकार, प्रदेश योजना आयोग, समिति तथा इकाईबाट समय समयमा अनुगमन र सुपरिवेक्षण गर्नु पर्नेछ।

(५)इकाईले मासिक र चौमासिक प्रतिवेदनहरुका आधारमा समष्टिगत प्रतिवेदन समितिमा पेश गर्नु पर्नेछ।

३१. **सूचना तथा सञ्चार व्यवस्थाः** (१)कार्यक्रमको विषयमा स्थानीय श्रमशक्ति, आम नागरिक एवं अन्य सरोकारवालालाई जानकारी गराउन रेडियो, टेलिभिजन, लघु चलचित्र, वेबपृष्ठ तथा अन्य श्रव्य दृष्य विद्युतीय माध्यम, पत्रपत्रिका, सम्बद्ध क्षेत्रमा कार्यरत कुनै स्थानीय कर्मचारी, गाउँको परम्परागत संदेशबाहक, ब्रोशर तथा पुस्तिका, आयोजना बडापत्र एवं सामाजिक सञ्जाल आदि मार्फत सूचना, जानकारी, सन्देश तथा कार्यक्रमहरुको प्रशारण र प्रकाशन गरी इकाईले वा सम्बन्धित स्थानीय तहले सूचना सम्प्रेषण गर्न सक्नेछ।

(२)इकाईले कार्यक्रमको लागि राय सुझाव सङ्कलन गर्न, कार्यक्रमको मूल्याङ्कन तथा पुनरावलोकन गर्न, प्रचारप्रसार र सचेतिकरण गर्न विषयगत मन्त्रालय तथा स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा आवश्यकता अनुसार सरोकारवालाहरुसँग अन्तरक्रिया, छलफल, गोष्ठि तथा सेमिनार सञ्चालन गर्न सक्नेछ।

(३)इकाई वा सम्बन्धित स्थानीय तहले श्रमको सम्मान, श्रम र सामाजिक श्रमदानको संस्कृति विकास गर्न जनप्रतिनिधि, राष्ट्रसेवक, नागरिक समाज, व्यवसायी र आम जनताको सहभागितामा नियमित हुने

श्रमदानमा सहभागिता लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गरिनेछ। यस्तो श्रम कार्यमा नियमित सहभागी भई उत्कृष्ट योगदान गर्ने व्यक्तिलाई ईकाईले सम्मान तथा पुरस्कारको व्यवस्था गर्नेछ।

## परिच्छेद –७

## विविध

**३२. रोजगार व्यवस्थापन सूचना प्रणालीः** मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत प्रत्येक स्थानीय तहमा सञ्चालन हुने आयोजनाको लागत, खर्चको विवरण, श्रमिकको विवरण र भुक्तानीको अद्यावधिक राख्न इकाईले रोजगार व्यवस्थापन सूचना प्रणाली विकास गरी लागु गर्न सक्नेछ। यस्तो प्रणाली तयार नहुँदा सम्म अन्य विधिबाट अभिलेख राख्नु पर्नेछ।

[1]**३३.अन्य निकायबाट कार्यान्वयन गर्न सकिनेः** यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले प्रदेश सरकार अन्तरगतका अन्य निकायबाट कार्यक्रम कार्यान्वयन गराउन सक्नेछ। यसरी कार्यक्रम कार्यान्वयन गराउदा कार्यक्रमको उद्देश्य प्रतिकुल नहुने गरी यस निर्देशिकामा उल्लिखित विषयका अतिरिक्त अन्य आवश्यक शर्तहरू तोकी पठाउन सक्नेछ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनका लागि "अन्य निकाय" भन्नाले प्रदेश सरकार मातहतका अन्य मन्त्रालय, निर्देशनालय वा कार्यालय समेतलाई जनाउछ।"

[2]**३४. निर्देशिका बमोजिम हुनेः** कार्यक्रम सञ्चालन र व्यवस्थापनका सम्बन्धमा यस निर्देशिकामा उल्लेख भएका विषय यसै निर्देशिकाबमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

[3]**३५. थपघट वा हेरफेर तथा वाधा अड्काउ फुकाउने र व्याख्या गर्नेः**(१) मन्त्रालयले यस निर्देशिकाको कार्यान्वयनमा आइपर्ने बाधा, अड्काउ फुकाउन वा कुनै द्विविधालाई स्पष्ट पार्न आवश्यक निर्णय गर्न सक्नेछ।

(२) यस निर्देशिकामा उल्लेख भएका विषयहरुलाई थप प्रष्ट पार्न यस मन्त्रालयले कार्यविधि तथा फारामहरु जारी गर्न सक्नेछ।

---

[1] *प्रथम संशोधनबाट दफा ३३ थप गरिएको।*

[2] *प्रथम संशोधनबाट दफा ३३ लाई ३४ गराइएको।*

[3] *प्रथम संशोधनबाट दफा ३४ लाई ३५ गराइएको।*

अनुसूची – १
(दफा १३ को उपदफा (३) को खण्ड (क) सँग सम्बन्धित)

मुख्यमन्त्री रोजगार कार्यक्रम

............. रोजगार उपभोक्ता समिति

.................. गाउँ/नगरपालिका, वडा नं. ...................

**श्रमिकको हाजिरी रेकर्ड तथा भुक्तानीको विवरण**

आयोजनाको नामः ..................................... मिति ......................... देखि ................... सम्म

| क्रसं. | श्रमिकको नाम, थर | संकेत नं. | काम गरेको दिन | | | | | जम्मा काम गरेको दिन | दर | जम्मा पाउने रकम | भुक्तानीका विवरण | भुक्तानीको माध्यम | भुक्तानी दिनेको सहि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

दैनिक हाजिरी राख्नेको नाम र दस्तखत जाँच्नेको नाम र हस्ताक्षर हाजिरी स्वीकृत गर्नेको नाम र हस्ताक्षर

जम्मा भुक्तानी रकमः ............................ भुक्तानी दिनेको नाम र दस्तखत प्रमाणितगर्ने वडा अध्यक्षको नाम र हस्ताक्षर

अनुसूची -२
(दफा १३ को उपदफा (४) सँग सम्बन्धित)

**रोजगार आयोजना कार्यान्वयन समितिले माग गर्ने आयोजना प्रस्तावको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
........................ गाउँपालिका / नगर कार्यपालिकाको कार्यालय,
............................ ।

विषयः-योजना प्रस्ताव पेश गरेको सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयमा लाभान्वित समुदायले छनौट गरेको र रोजगार आयोजना कार्यान्वयन समितिबाट कार्यान्वयन गर्नका लागि निर्णय गरिएको देहाय बमोजिमको लागत सहभागिता तथा विवरण उल्लेख भएको आयोजना कार्यान्वयन गर्नका लागि यो आयोजना माग प्रस्ताव तयार गरी पेश गरेका छौं । आवश्यक बजेट तथा कार्यक्रम स्वीकृत गरी संचालन गर्ने अनुमतीका लागि अनुरोध गर्दछौं ।

(क) आयोजना सम्बन्धी जानकारी

१. नामः
२. स्थानः
३. प्रकारः
४. लाभान्वित जनसंख्याः-........................ महिला ............... पुरुष
दलित जनजातीको संख्याः ................
५. योजनाको उद्देश्यः
६. भौतिक उपलब्धीः
७. लाभान्वित घरपरिवार संख्याः

(ख) रोजगार आयोजना कार्यान्वयन समिति

१. गठन भएको मितिः
२. रोहबरः
३. आयोजना स्थलमा बसोबास गरेको परिवार संख्याः
४. आयोजना कार्यान्वयन समिति गठन हुँदा उपस्थित परिवार संख्याः

(ग) आयोजना कार्यान्वयन समितिमा बस्ने पदाधिकारीहरुको विवरण

| **क्र.सं.** | **पद** | **नाम, थर** | **ठेगाना** | **नागरिकता नं.** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | कोषाध्यक्ष | | | | |
| ५ | सदस्य | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |

(घ) भेला भएको स्थानः

(ङ) आयोजनाको आर्थिक पक्ष

१. कूल अनुमानित लागत रुः

२. निर्माण सामाग्री मूल्य रुः

३. ज्याला रुः

४. ढुवानी भाडा रुः

५. अन्य रुः

(च) खर्च व्यहोर्ने श्रोत

१. लाभान्वित उपभोक्ताबाटः नगद रु. ................ श्रमदानबाट रु. ............ बराबर

२. वडा कार्यालयबाटः नगद रु. ............ वस्तुगत ................ रु. ........... बराबर

३. गापा /नपा बाटः नगद रु. ............... वस्तुगत ................ रु. ........... बराबर

४. अन्य संघ, संस्था, निकायबाटः नगद रु. .......... बस्तुगत ........... रु. ........ बराबर

(छ) संलग्न कागजात

१. आयोजना कार्यान्वयन समितिको गठन गर्ने निर्णयको छायाप्रति ।

२. आयोजना कार्यान्वयन समितिको बिधान भए सोको छायाप्रति ।

३. सम्बन्धित वडाको सिफारिस ।

४. अन्य संघ संस्थाको लागत सहभागितामा भए सो को प्रतिबद्धता पत्र ।

५. आयोजना कार्यान्वयन समितिको अनुभव सम्बन्धी कागजात ।

६. सम्भब भए योजना स्थलको नक्सा ।

७. डिजाईन, लागत अनुमान विवरण सम्बन्धी कागजात ।

८. माग गरिएको आयोजना नदोहोरीएको प्रतिवद्धता ।

(ज) आयोजना माग गर्ने आयोजना कार्यान्वयन समितिका पदाधिकारीहरुको

| | | |
|---|---|---|
| दस्तखतः- | दस्तखतः- | दस्तखतः- |
| नामः- | नामः- | नामः- |
| पदः-अध्यक्ष | पदः-सचिव | पदः-कोषाध्यक्ष |
| मितिः- | मितिः- | मितिः- |

(झ) आयोजनाका लागि सिफारिस गरेको भए सिफारिस गर्नेको रायः

सहीछापः-

नाम, थरः

कार्यालयः

ठेगानाः

## अनुसूची-३
## (दफा १३ को उपदफा (५) सँग सम्बन्धित)

### योजना सम्झौता फारामको ढाँचा

.............. गाउँपालिका / नगरपालिका (यसपछि प्रथम पक्ष भनिने) र .................... रोजगार आयोजना कार्यान्वयन समिति (यसपछि दोस्रो पक्ष भनिने) का बीच देहाय बमोजिमको शर्त पालना गर्नेगरी यो संझौतापत्रमा हस्ताक्षर गरी परस्परमा एक एक प्रति लियौ, दियौ ।

१. सम्झौता गर्ने पक्ष र आयोजना
   क. रोजगार आयोजना कार्यान्वयन समितिबाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधि
      १. नामः
      २. पदः
      ३. ठेगानाः
   ख. आयोजनाको विवरणः
      १. नामः
      २. ठेगानाः
      ३. उद्देश्यः
      ४. आयोजना स्वीकृत गर्ने निकायः
      ५. आयोजना शुरु हुने मितिः
      ६. आयोजना सम्पन्न हुने मितिः
२. आयोजनाको लागत सम्बन्धी विवरण
   क. लागत अनुमान रु.
   ख. लागत व्यहोर्ने श्रोतहरु
      १. नेपाल सरकारबाटः रु. ..........................
      २. प्रदेश सरकारबाटः रु. ..........................
      ३. गा.पा./नगरपालिकाबाटः रु. ..........................
      ३. अन्य स्थानीय निकायबाटः रु. ..........................
      ४. समुदायमा आधारित संस्थाबाटः रु. ..........................
      ५. बिदेशी दातृ संघ संस्थाहरुबाटः रु. ..........................
      ६. रोजगार आयोजना कार्यान्वयन समितिबाटः रु. ...........................
      ७. गैरसरकारी संघ संस्थाबाटः रु. ..........................
      ८. अन्यबाटः रु. ..........................
   ग. निर्माण सामाग्रीको विवरण
      १. जम्माः रु. ..........................
      २. परिमाणः
      ३. सामाग्रीको नामः
      ४. स्रोत
         १. बिषयगत शाखाबाटः
         २. गा.पा. वा न.पा.बाटः

३. अन्य स्थानीय निकायबाटः
४. गैर सरकारी संघ संस्थाबाटः
५. सामुदायिक संस्थाबाटः
६. विदेशी दातृ संघ संस्थाबाटः
७. आयोजना कार्यान्वयन समितिबाटः
८. अन्यबाटः

घ. आयोजनाबाट लाभान्वित हुने
१. घरपरिवार संख्याः
२. जनसंख्याः
३. समुदायः
४. दलित/जनजातिः
५. अन्यः

३. रोजगार आयोजना कार्यान्वयन समिति सम्बन्धी विवरण
क. गठन भएको मितिः
ख. पदाधिकारीको नाम र ठेगानाः

| क्र.सं. | पद | नाम, थर | ठेगाना | नागरिकता नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | कोषाध्यक्ष | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |

ग. आयोजना स्थलका लाभान्वित जनसंख्याः
घ. गठन गर्दा उपस्थित लाभान्वितको संख्याः

४. आयोजना संचालन सम्बन्धी अनुभवः

५. आयोजना कार्यान्वयन समितिले प्राप्त गर्ने किस्ता विवरणः

| किस्ताक्रम | मिति | किस्ता रकम | निर्माण सामाग्री | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| पहिलो | | | | | |
| दोश्रो | | | | | |
| तेश्रो | | | | | |
| अन्तिम भुक्तानी | | | | | |
| जम्मा | | | | | |

६. आयोजनाको मर्मत सम्भारका लागि व्यहोर्ने व्यवस्था

(मासिक, चौमासिक, वार्षिक)

क. मर्मत संभारको जिम्मा लिने समितिको नामः

ख. जन-श्रमदान (श्रम शक्ति संख्या)ः

ग. सेवा-शुल्कबाटः रु. ..........................

घ. दस्तुर, चन्दाबाटः रु. ..........................

ङ लागत सहभागिता वा अनुदानबाटः रु. ..........................

च. ब्याज वा अन्य बचतः रु. ..........................

७. अन्य प्राविधिक र व्यवस्थापन सम्बन्धी विवरण

क.

ख.

ग.

८. सम्झौताका शर्तहरु

१. प्राप्त रकम तथा निर्माण सामाग्री सम्बन्धित आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्ने गराउने छौं ।

२. आयोजना सम्पन्न भएपछि गा.पा. वा नगरपालिकाबाट जाँचपास गरी फरफारक लिनेछौं ।

३. आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी स्थानीय लाभान्वित समुदायलाई गराई रोजगार आयोजना कार्यान्वयन समितिको बैठकमा छलफल निर्णय गरी अर्को किस्ता माग गर्नेछौं ।

४. योजनाको काम समयमा नगरेमा वा गुणस्तरीय ढंगले नगरी कुनै हानी नोक्सानी भएमा सो को पूर्ण जिम्मेवारी रोजगार आयोजना कार्यान्वयन समितिले लिनेछ र सो हानी नोक्सानी र क्षतिपूर्ति तिर्न/बुझाउन यस समिति सहमत छ ।

५. नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा योजनाको प्रगति विवरण अभिलेख आदि रोजगार आयोजना कार्यान्वयन समितिले तयार गरी राख्नेछौं ।

६. आयोजनाको कूल लागत भन्दा घटी लागतमा योजना सम्पन्न भएको अबस्थामा सो मुताबिक नै गाँउपालिका वा नगरपालिकाको नगद अनुदान र लागत सहभागिता एवम् श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिन/दिन सहमत छौं ।

७. आयोजना संचालन गर्ने यस रोजगार आयोजना कार्यान्वयन समितिले योजनाको मर्मत संभारको पनि ब्यबस्था गर्ने छ ।

८. आयोजनाको सबै काम आयोजना कार्यान्वयन समिति समुहको निर्णयानुसार गर्ने गराउने छौं ।

९. यो आयोजना मिति ..................... देखि शुरु गरी मिति ................... सम्ममा पुरा गर्ने/गराउने छौं ।

१०. आयोजनाको चौमासिक र बार्षिक भौतिक तथा बित्तिय खर्चको विवरण गा.पा. वा नगरपालिका समक्ष समयमै पठाउने छौं ।

११. यो आयोजना आफैले कार्यान्वयन नगरी ठेकदार मार्फत कार्यान्वयन गरेमा कानून बमोजिम कारवाही भोग्न र गा.पा. वा नगरपालिकाले योजना संझौता रद्ध गरेमा वा

योजनाको कार्यको भुक्तानी नदिएमा यस रोजगार आयोजना कार्यान्वयन समितिले कुनै प्रकारको दावी गर्ने छैन ।

१२. यो आयोजना संझौतामा तोकेको अबधी भित्र पूर्ण रुपमा सम्पन्न गर्नेछौं ।

१३. अन्य शर्तहरु

क.

ख.

ग.

उपरोक्त बमोजिम गर्न हामी मन्जुर छौं ।

| गा.पा. वा नगरपालिको तर्फबाट | रोजगार आयोजना कार्यान्वयन समितिको तर्फबाट |
|---|---|
| दस्तखतः- | दस्तखतः- |
| मितिः- | मितिः- |
| नामः- | नामः- |
| पदः- | पदः- |

## अनुसूची ४
## (दफा २५ को (२) सँग सम्बन्धित)

**आयोजनाको प्रकृति अनुसार मूल्याङ्कन गर्ने प्रयोजनका लागि अङ्कभार**

| क्र.सं. | आयोजना | अङ्क |
|---|---|---|
| १ | स्थानीय तहभित्रका वस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण | १० |
| २ | स्थानीय तहभित्रका वस्ती, स्वास्थ्य चौकी, विद्यालय,आर्थिक केन्द्र तथा | ९ |
| | पर्यटकीय स्थल जोड्ने सडक मर्मत सम्भार | |
| ३ | राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण | ७ |
| ४ | राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको मर्मत | ६ |
| ५ | सिंचाईका लागि कुलो तथा पैनीको निर्माण | १० |
| ६ | सिंचाईका लागिकुलो तथा पैनीको मर्मत सम्भार | ८ |
| ७ | पोखरी तथा पानीको मुल संरक्षण एवं मर्मत सम्भार | ७ |
| ८ | कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डार निर्माण तथा मर्मत सम्भार | ८ |
| ९ | कृषि तथा पशुपन्छीजन्य उत्पादनको विक्री वितरणका लागि आवश्यक पर्ने शीत भण्डार निर्माण तथा मर्मत | ७ |
| १० | हाट बजार तथा तरकारी संकलन केन्द्रको निर्माण तथा मर्मत | ६ |
| ११ | खानेपानी आयोजनाहरुको निर्माण तथा विस्तार | १० |
| १२ | खानेपानी आयोजनाहरुको मर्मत | ८ |
| १३ | स्वास्थ्य चौकी तथा प्रसुति गृहको निर्माण तथा मर्मत | १० |
| १४ | सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार | ८ |
| १५ | फोहोर व्यवस्थापन पूर्वाधारको निर्माण तथा मर्मत सम्भार | ८ |
| १६ | विद्यालय भवन तथा विद्यालय परिसरमा शौचालय निर्माण | १० |
| १७ | विद्यालयको खेल मैदान निर्माण | ८ |
| १८ | विद्यालयको कम्पाउण्ड निर्माण तथा मर्मत सम्भार | ६ |
| १९ | फलफुलको विरुवा रोपण,वृक्षारोपण तथा वनजङ्गल संरक्षण | ६ |
| २० | पहिरो तथा नदि नियन्त्रण | १० |
| २१ | साना बाँध निर्माण | १० |
| २३ | पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण | ६ |
| २४ | उच्च महत्वका प्रसिद्ध पर्यटकिय स्थलको मर्मत सम्भार तथा संरक्षण | ६ |

## अनुसूची-५
## (दफा २६ को उपदफा (१) (छ) सँग सम्बन्धित)

## आयोजनाको सूचना पाटीको नमूना

मुख्यमन्त्री रोजगार कार्यक्रम, .......... गाउँपालिका/नगरपालिका............... आयोजना कार्यान्वयन समिति मार्फत संचालित

१. आयोजनाको नामः

२. आयोजना स्थलः

३. आयोजना शुरु भएको मितिः

४. आयोजना सम्पन्न हुने मितिः

५. कामको विवरणः

(ल.ई. बमोजिम प्रत्येक कामको भौतिक परिमाण उल्लेख गर्ने)

६. लगत ईष्टिमेट अंक रुः

७. बजेट श्रोतः

(क) गा.पा. वा न.पा.बाट रु. ...........

(ख) वडा कार्यालयबाट रु. .................

(ग) अन्य रु. ..................

(घ) उपभोक्ताबाट लागत सहभागिता रु. .................

(१) नगद लागत सहभागिता रु. ..............

(२) श्रम सहभागिता रु............. बराबर

(ङ) आयोजना कार्यान्वयन समितिका अध्यक्षको नाम, थर, ठेगान